सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ९ ♦ अंक ३३१ ♦ २०८३ साल भदौ ५ शुक्रवार ♦ 21 Aug 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

KHABAR DARPAN PRIMARY
CURRENT ACCOUNT • 2337087445300018
prabhu Bank

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

## शैक्षिक स्तर सुधारबिना समुन्नत मधेश सम्भव छैन: मन्त्री सिंह



**खबर दर्पण समाचारदाता**

**भदौ ४ गते, बर्दिवास**

मधेश प्रदेशका शिक्षा तथा संस्कृति मन्त्री मनोज सिंहले मधेशको शैक्षिक अवस्था सुधार नगरेसम्म समुन्नत मधेश निर्माण सम्भव नहुने बताएका छन् ।

शिक्षाका लागि राष्ट्रिय अभियान (एनसीई) नेपालले जनकपुर धाममा आयोजना गरेको प्रदेशस्तरीय युवा सम्मेलनलाई सम्बोधन गर्दै मन्त्री सिंहले सातवटै प्रदेशमध्ये मधेशको शैक्षिक अवस्था कमजोर रहेकाले अहिलेको मुख्य प्राथमिकता शिक्षा क्षेत्रको सुधार हुनुपर्ने बताए ।

उनले शिक्षा क्षेत्र कमजोर अवस्थामा रहेसम्म प्रदेशको समग्र विकासले गति लिन नसक्ने उल्लेख गर्दै मधेशको शिक्षा क्षेत्रको सुधारका लागि संघ, प्रदेश र स्थानीय तहबीच प्रभावकारी समन्वय आवश्यक रहेको बताए ।

मन्त्री सिंहले मधेशको शैक्षिक अवस्था नाजुक रहेको जानकारी हुँदाहुँदै पनि संघीय सरकारले प्रदेशलाई आवश्यक विशेष तथा सशर्त अनुदान उपलब्ध नगराएको गुनासो गरे । प्रदेश सरकारलाई पर्याप्त अधिकारसमेत नदिइएको उनको भनाइ थियो ।

'एकातिर प्रदेश सरकारलाई अधिकार दिइएको छैन, अर्कोतर्फ मधेशको शैक्षिक अवस्था नाजुक हुँदाहुँदै संघ सरकारले न विशेष अनुदान दियो, न सशर्त अनुदान नै,'उनले भने ।

मन्त्री सिंहले प्रदेश सरकारले शिक्षा क्षेत्रलाई प्रविधिमैत्री बनाउँदै विद्यार्थीलाई सूचना प्रविधिसँग जोडेर अघि बढाउने तयारी गरिरहेको जानकारी दिए । बदलिँदो समयअनुसार विद्यार्थीलाई प्रविधि, सीप र रोजगारीसँग जोड्नुपर्नेमा उनले जोड दिए ।

कार्यक्रममा एनसीई नेपालका केन्द्रीय सचिव कमलेश मण्डलले युवाको आवाजलाई नीति निर्माणको तहसम्म पुऱ्याउने उद्देश्यले सम्मेलन आयोजना गरिएको बताए ।

सार्वजनिक शिक्षा सुधारका लागि रचनात्मक संवादको वातावरण निर्माण गर्नु सम्मेलनको अर्को उद्देश्य रहेको उनले जानकारी दिए ।

शिक्षा सुधारका अभियानमा युवाको अर्थपूर्ण सहभागिता र नेतृत्व सुनिश्चित गर्न क्षमता अभिवृद्धि तथा नेतृत्व विकासका कार्यक्रम सञ्चालन गर्दै आएको मण्डलले बताए ।

तीनै तहका सरकारले युवाका लागि गुणस्तरीय शिक्षा, सीप तथा रोजगारी, नेतृत्व विकास र निर्णय प्रक्रियामा सहभागिता सुनिश्चित गर्ने नीति अघि सारे पनि कार्यान्वयनमा अझै थुप्रै चुनौती रहेको उनको भनाइ थियो ।

ती चुनौती समाधानका लागि युवालाई नै अग्रपंक्तिमा ल्याउने अभियानको योजना रहेको मण्डलले बताए ।

सम्मेलनमा मधेश प्रदेशका प्रदेशसभा सदस्य, विभिन्न राजनीतिक दलका प्रतिनिधि तथा प्रदेशका आठवटै जिल्लाबाट आएका युवाहरूको सहभागिता रहेको थियो ।

## नेपाल-भारत सम्बन्ध थप परिणाममुखी बनाउनुपर्नेमा जोड

**खबर दर्पण समाचारदाता**

**भदौ ४ गते, बर्दिवास**




भारतको ८०औँ स्वतन्त्रता दिवसको अवसरमा नेपालको वर्तमान अवस्थामा नेपाल-भारत सम्बन्ध विषयक एकदिने विचार गोष्ठी जनकपुरधाममा सम्पन्न भएको छ ।

नेपाल-भारतबीचको ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा जनस्तरमा रहेको सम्बन्धलाई थप सुदृढ बनाउने उद्देश्यले आयोजित गोष्ठीमा दुई देशबीचको वर्तमान सम्बन्ध, सम्भावना, चुनौती तथा आगामी दिनमा सहकार्य विस्तारका विषयमा छलफल गरिएको हो ।

गोष्ठीलाई सम्बोधन गर्दै मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले नेपाल र भारतबीच

*बाँकी पृष्ठ ३ मा*

## जनजीविकाका समस्या तत्काल समाधान गर्न माग





**शर्मिला घिमिरे**

**भदौ ४ गते, बर्दिवास**

नेपाली कम्युनिस्ट पार्टी, जिल्ला कार्य समिति महोत्तरीले जनजीविकासँग प्रत्यक्ष जोडिएका समस्या तत्काल समाधान गर्न माग गर्दै जिल्ला प्रशासन कार्यालय महोत्तरीमार्फत नेपाल सरकारलाई ज्ञापनपत्र बुझाएको छ। पार्टीका जिल्ला इन्चार्ज प्रकाशहरि

*बाँकी पृष्ठ ३ मा*

# प्रेम र यौनको हक



ध्रुवसत्य परियार

मनुस्मृतिमा एक श्लोक छ, 'पिताका घरमै कुमारी कन्याले पुत्र जन्माएकी छे भने त्यस पुत्र त्यस कन्यासँग विवाह गर्ने पुरुषकै हुन्छ। र, यस्तो पुत्रलाई कानीन भनिन्छ।'

यस श्लोकले तत्कालीन समाजमा विवाहअघि हुने सहमतिको यौन सम्बन्ध वा बलात्कारतर्फ संकेत गर्छ। आज हामी यस विषयलाई सम्बोधन गर्न 'आमाको नाममा नागरिकता'देखि थुप्रै कानुनी अभ्यास र बहसमा छौँ। हिन्दू समाजको जग जात व्यवस्थालाई व्यवस्थित बनाउने प्रमुख नियममध्येको एक हो, मनुस्मृति। जसमा विवाह र यौन सम्बन्धका बारेमा स्पष्ट रूपमा लेखिएको छ। मनुस्मृतिमा यौन कार्यलाई पवित्र वा अपवित्र रूपमा लिइएको पाइन्छ। कन्यालाई दूषित (करणी) गर्ने पुरुषलाई सजायको व्यवस्था यस्तो छ, 'कन्यालाई दूषित गर्ने मानिस तत्काल मार्न योग्य हुन्छ। कन्याका इच्छाले दूषित गरेको हो र त्यो कन्या ऊसँग जात मिल्ने छे भने मारिहाल्नु हुँदैन।' यो श्लोक कन्याको मञ्जुरीका सम्बन्धमा मौन तर जातीय विभेदका सम्बन्धमा बढी आकर्षित देखिन्छ।

मानव सभ्यताको इतिहासमा सबैभन्दा बढी अनौठा सामाजिक नियम विवाह र यौनसम्बन्धलाई लिएर बनाइएका छन्। समूहमा रहँदाको आदिम युगमा मानिसबीच यौन सम्बन्धमा कुनै नियम थिएन, खुला थियो। क्रमशः यौन सम्बन्धमा प्रतिबन्ध लगाउँदै मानिस आजको अवस्थामा आइपुगेको छ। आज विश्वमा सामाजिक न्याय, मानव अधिकार, महिला अधिकारका बारेमा बहस भइरहेका छन्। अझै पनि समाजमा प्रेम, यौन, विवाह र सामाजिक न्यायका विषयलाई लिएर अनेक मतमतान्तर र अन्तर्विरोध कायमै छन्।

सर्वविदितै छ, गत वर्षको जेठ १० गते पश्चिम रुकुमको चौरजहारीमा चार दलित र दुई गैरदलित युवाको हत्या भयो। जाजरकोट भेरी नगर पालिका-४ का २१ वर्षीय नवराज विक 'आफ्नी प्रेमिका'लाई लिन साथीहरूसहित सो ठाउँ जाँदा आक्रमण भएको थियो। यस घटनाको पछाडि अन्तर्जातीय प्रेम वा विवाहसँगै जातीय विभेद तथा छुवाछुतको विषय देखिएको छ। यस घटनालाई लिएर विशेषतः सामाजिक सञ्जालमा विभिन्न कोणबाट बहस भए। एउटा कोण थियो- बालविवाहको। केटाको उमेर २१ वर्ष पुगेको भए पनि केटीको उमेर नपुगेकाले उनीहरूबीच विवाह हुन सक्दैनथ्यो। तर, के उनीहरूबीच 'उमेर नपुगी' प्रेम हुनु गैर कानुनी थियो ? वा, अप्राकृतिक थियो ? हामीकहाँ विवाहपूर्वको प्रेम र यौन सम्बन्धबारे खुलेर बहस भएको र निष्कर्ष निकालेको पाइँदैन। जसकारण धेरै समस्या जन्मिएका छन्।

प्रेमको कुनै निश्चित परिभाषा छैन। यहाँ विपरीत लिंगी वा तेस्रो लिंगी ( पारलैंगिक पुरुष वा महिला भन्नुपर्ने आवाज उठेको छ)बीच यौनिकतासहितको आकर्षणलाई प्रेम मान्ने हो भने, यो जैविक आवश्यकता र निरन्तरतासँग सम्बन्धित छ। आजको हाम्रो कानुनले २० वर्ष उमेर नपुगेसम्म विवाह भएको मान्दैन। २० वर्ष नपुग्दै प्रेम वा यौन सम्बन्ध हुन सक्छ, त्यसले सामाजिक मान्यता अनुरूप विवाहको रूप लिन पनि सक्छ। यस्तो परिस्थितिमा हाम्रा विभिन्न समुदायले आ-आफ्नै किसिमले व्यवहार गरेको पाइन्छ। कुनै जोडीबीच उमेर नपुगी प्रेम विवाह गर्ने अवस्था आयो, उनीहरूबीच वर्ग, लिंग लगायत सामाजिक मूल्य-मान्यता मिलेको छ, यस्तोमा स्वाभाविक रूपमा विवाह भएका उदाहरण हाम्रा समाजमा छन्। विवाह गर्ने जोडीबीच सामाजिक मूल्य-मान्यता नमिलेको अवस्थामा कानुनी कुरा उठाइएको पनि पाइन्छ।

विश्वव्यापी भनाइ पाइन्छ, 'प्रेम र युद्धमा सबै कुरा जायज हुन्छ।' यो भनाइ आजको चेतना र न्यायसँग मेल खाँदैन। किनभने, प्रेम र युद्धको पनि आफ्नै धर्म, नैतिकता र आदर्श हुन्छ। पौराणिक ग्रन्थ र साहित्यले हामीलाई युद्धका नियम पनि सिकाएका छन्। वाल्मीकिप्रणीत रामायणमा 'बाली वध' सम्बन्धी सर्गले युद्धधर्मको कुरा उठाएको छ। सुग्रीव र बालीबीच युद्ध भइरहेका बेला रामले बालीलाई विषालु बाण प्रहार गर्छन्। मर्नुअघि बालीले भन्छन्, 'म त दोस्रो व्यक्तिसँग रोषपूर्वक लडिरहेको थिएँ, तिमीलाई देखेकै थिइनँ। म असावधान अवस्थामा रहेका बेला ममाथि बाण प्रहार गर्ने कार्यलाई तिमीले अनुचित सम्झनेछौ भन्ने मलाई लागेको थियो, परन्तु आज मलाई थाहा भयो- तिमी धर्मध्वजी रहेछौ।'

बालीलाई युद्ध आमनेसामने भएर गर्नुपर्छ, युद्धमा छलकपट गर्नु वा धोका दिनु अधर्म हो भन्ने थाहा थियो। युद्ध मात्रै होइन, प्रेम, यौन र वैवाहिक सम्बन्धसँगै हरेक मानवीय व्यवहार स्पष्ट भएकै उत्तम हुन्छ। सामाजिक न्यायसम्बन्धी हरेक कुरामा हरेकलाई स्पष्ट पार्नु नै आजको चुनौती र आवश्यकता दुवै हो। राज्यको स्पष्ट नीति-नियम र व्यवहार नहुँदा व्यक्तिगत र सामाजिक जीवनमा अनेक समस्या आइरहेका हुन्छन्। मानिसहरू जानीनजानी गल्ती र विद्रोह गर्न विवश हुन्छन्। एउटा व्यक्तिको सानो गल्तीले परिवार, समुदाय हुँदै देश-देशबीचमै ठूलो युद्ध हुने अवस्था सिर्जना हुन सक्छन्, भइरहेका उदाहरण पनि छन्। र ामायणलाई नियालौं, यस महाकाव्यको जगमा मानवीय कमजोरीबाट उत्पन्न तीन घटना देखिन्छन्- दशरथपत्नी कैकेयीले आफ्ना पुत्र भरतलाई राजा बनाउने मोह पाल्नु, राम-लक्ष्मणद्वारा रावणकी बहिनी शुपर्णखाको अपमान गर्नु र बदलामा रावणद्वारा सीता हरण गर्नु। झट्ट हेर्दा कतिपय मानवीय व्यवहार र वचन सामान्य लाग्छन्, तर ती सामान्य लाग्ने व्यवहार र वचनभित्र ठूलो विषवृक्ष हुर्किएर महामारी फैलाउने बिज लुकेको हुन सक्छ। अधिकांश युद्ध वा झगडाको पछाडि आस्था, अज्ञानता र अहंको भूमिका देखिन्छ। युद्धले मानवता भन्दैन, केवल आफ्नो विजयलाई जायज देख्छ।

विशेषतः दोस्रो विश्वयुद्धपछि मानव अधिकारको विषयलाई लिएर विश्वका न्यायप्रेमीले चिन्ता लिए। पहिलो र दोस्रो विश्वयुद्धका बेला विश्वमा मानिसमाथि बर्बरतापूर्ण दमन, हत्याहिंसा र बलात्कारका घटना भएका थिए। मानिसको स्वतन्त्रतापूर्वक बाँच्न पाउने हकलाई बम वा बन्दुकका गोलीले दबाइए, संगीनले रेटिए। यसलाई सम्बोधन गर्न 'मानव अधिकार को विश्वव्यापी घोषणापत्र- १९४८' ल्याइयो। यसको प्रस्तावनामा उल्लिखित- 'मानव जातिको अन्तस्करणलाई नै आहत गर्ने बर्बरतापूर्ण कामहरू भएका' र 'विद्रोह गर्न मानिसलाई बाध्य नगराउन' भन्ने वाक्यांशले तत्कालीन परिस्थितिमा भएका हत्या, हिंसा, बलात्कारतिर संकेत र सम्बोधन गर्छन्।

३० वटा धारा रहेको यस घोषणापत्रले विवाहका सम्बन्धमा र विवाहपूर्व जन्मिएका बालबालिकाको सम्बन्धमा पनि सम्बोधन गरेको छ। धारा १६ मा उल्लेख छ, 'उमेर पुगेका पुरुष तथा महिलालाई जाति, राष्ट्रियता वा धर्मका कारणले लगाइने कुनै पनि सीमाविना विवाह गरी परिवार बसाउने अधिकार हुनेछ।' त्यस्तै, अर्को धारामा उल्लेख छ, 'विवाह भई वा नभई जन्मेका सम्पूर्ण बालबालिकाले समान सामाजिक संरक्षण पाउनेछन्।' यसले तत्कालीन समाजमा स्त्री वा पुरुषको सहमतिविनै विवाह भइरहेको र विवाहविनै सहमतिको यौन सम्बन्ध वा बलात्कारबाट बच्चा जन्मिरहेकोतिर संकेत गर्छ।

मानव सभ्यताको इतिहासमा यौन र विवाहसम्बन्धी 'सामाजिक कानुन' नै प्रधान देखिन्छन्। विश्वका विभिन्न समुदायले यौन र विवाहलाई पवित्रता र अपवित्रताको कसीमा राखेर सामाजिक नियम बनाएको पाइन्छ।

मनुस्मृतिमा श्लोक छन्, 'एक कन्याले अर्की कन्याको गुप्तांगमा औंला हालेकी छ भने दुई सय पण दण्ड राजालाई र त्यसको दुई गुना कन्याका बाबुलाई तिराउनुपर्छ। र, त्यसो गर्ने कन्यालाई १० कोर्रा हिर्काउनुपर्छ। त्यस्तै, स्त्रीले कन्याका योनिमा औंलो हाली भने राजाले तत्काल त्यसको कपाल खौरिन लगाइदिनुपर्छ, त्यसका दुई औंला काट्न लगाउनुपर्छ, गधामाथि चढाएर दोबाटोमा घुमाउनुपर्छ।'

यस्ता थुप्रै प्रसंग मनुस्मृतिमा छन्। यहाँनेर अनौठो लाग्छ- कन्या वा स्त्रीहरू नै कन्याको योनिप्रति यति आक्रामक किन हुन्थे ? आवेग र बदलाको भावनाले भएको झगडा वा लडाइँ हो भने उनीहरूले अन्य अंगमा हातपात वा कुटपिट गर्न सक्थे, किन योनिमै औंला छिराउन उद्यत भए, जसलाई लिएर राजकीय कानुन नै बनाउनुपर्‍यो !

यसको संकेत यस्तो पनि हुन सक्छ- कन्याको योनिलाई पवित्र बनाउन समाजमा अनेक मिथ रचिएको थियो। कुनै आवेग वा बदलामा त्यसलाई अपवित्र बनाउन स्त्रीले नै कन्याको योनिमा औंला हाल्ने दुष्प्रयत्न गर्थे होला। अझ हुन सक्छ, कुनै त्यस्तो पदार्थ, जसले योनिलाई अपवित्र बनाएको मानिन्छ, त्यसमा चोपलेर कन्याको योनिमा औंला हालिन्थ्यो।

जयस्थिति मल्लले वि.सं. १४३६ मा बनाउन लगाएको कानुन ( मानवन्यायशास्त्र)मा उल्लेख छ, 'ब्राह्मणले गुरुतुल्यगमन (आमा, सानीआमा, गुरुमा, भाउजू, छोरी र दिदीबहिनीजस्ता व्यक्तिसँग सम्भोग) गरेमा उनका निधार आदि देखिने अंगमा स्त्री योनिको चिह्न बनाइदिनू। यो मनुको आदेश हो।'

निधार वा देखिने स्थानमा योनिकै चिह्न बनाइनु पनि सोचनीय विषय छ। त्यही धारामा 'ब्राह्मणले चोरी गरेमा कुकुरको पाइलाको चिह्न बनाएर नमेटिने गरी डाम्नू' भनिएको छ। यहाँ कुकुरको पाइला र स्त्रीको योनिको चिह्नलाई 'तुच्छ वा अपवित्र' संकेतका रूपमा दर्शाएको बुझिन्छ। मनुस्मृतिकै प्रतिरूप लाग्ने जयस्थितिको कानुनमा प्रेम वा सहमतिको यौन सम्बन्धलाई छुट दिएको वा स्वीकार गरेको पाइन्छ। एउटा धारा छ, 'स्त्री र पुरुषमा एक अर्कोले अर्काको उपकार गर्नु, खेलबाड गर्नु, गहनाहरू छुनु र एउटै पलंगमा सँगै बस्नु इत्यादि सबै संग्रहण (पर स्त्रीसँग एकान्तमा भेट्नु वा सहवास गर्नु) मानिन्छ।'

पुरुषले चुपचाप स्त्रीको अनुमतिविनै संवेदनशील अंगमा स्पर्श गर्न सक्ने सम्बन्धमा अर्को धारा छ, 'स्त्रीलाई पुरुषले कुठाउँमा स्पर्श गर्ने र उसले स्पर्श गर्दा स्त्रीले सहिरहने गरेमा परस्परको अनुमतिबाट त्यसो हुन गएको भन्ने बुझिने हुँदा त्यो सबै संग्रहण मानिन्छ।' यो धारा कहाँनेर बाझिएको छ भने स्त्रीले सहिनन् भने त्यो संग्रहण बन्दैन, सायद अपराध बन्छ। अर्कोतिर, स्त्रीले त्रासका कारण पनि सहेकी हुन सक्छिन्।

जंगबहादुरको मुलुकी ऐन- १९१०, जुन २०२० सालसम्म हाम्रो देशमा प्रचलित कानुनका रूपमा रह्यो, त्यसमा 'बिहे नहुँदै अघि बिग्रन्या', 'आसय करणी'जस्ता महल थिए। 'बिहे नहुँदै अघि बिग्रन्या' महलले कन्याले बिहेअघि राखेको यौन सम्बन्ध वा करणीलाई सम्बोधन गर्थ्यो। यसको अर्थ- तत्कालीन समाजमा बिहेअघि कन्याले सहमतिमा यौन सम्बन्ध राख्थे, वा कन्यालाई पुरुषले ललाइफकाई वा जबर्जस्ती करणी गर्थे।

मुलुकी अपराध संहिता, २०७४ मा 'करणी सम्बन्धी कसुर'को व्यवस्था छ। जसमा यौन दुर्व्यवहारदेखि जबर्जस्ती करणीका सम्बन्धमा व्याख्या र सजायको व्यवस्था छ। करणीसम्बन्धी कसुर परिच्छेदमा उल्लेख छ, 'कसैले कुनै महिलालाई निजको मञ्जुरी नलिई करणी गरेमा वा मञ्जुरी लिएर भए पनि १८ वर्षभन्दा कम उमेरकी कुनै बालिकालाई करणी गरेमा निजले त्यस्तो महिला वा बालिकालाई जबर्जस्ती करणी गरेको मानिनेछ।'

अर्कोतिर, २० वर्ष उमेर नपुगी विवाह नहुने कानुनी व्यवस्था छ। यसरी कानुनले विवाहअघि १८ देखि २० वर्षको उमेरमा मञ्जुरी वा सहमतिमा यौनसम्बन्ध राख्न छुट दिएको ठहर्छ। यो स्पष्ट लेखिएको व्यवस्था होइन, यस्तो अर्थ निकाल्न मिल्ने मात्र हो। यहाँ अर्को प्रश्न पनि छ- किशोर वा किशोरीले १८ वर्षअघि नै म यौनका लागि शारीरिक र भावनात्मक रूपमा परिपक्व भएँ, म सुरक्षित यौनसम्बन्ध राख्न चाहन्छु, वा प्रेम सम्बन्धमा बस्न चाहन्छु भनेमा के गर्ने ? यसो नभने पनि उनीहरूका चाहना विद्रोहमा परिणत हुन सक्छन्, जसले विभिन्न दुर्घटना निम्त्याउन पनि सक्छन्।

धार्मिक नियमदेखि राज्यको लिखित कानुनको इतिहासलाई नियाल्दा विवाह र यौनिकतालाई महत्व दिएको पाइन्छ, तर प्रेमका सम्बन्धमा धार्मिक नियम र राज्यको कानुनको इतिहास मौन देखिन्छ। हाम्रो संविधानमा मौलिक हकअन्तर्गत ३१ वटा धारा छन्, तर प्रेम र यौनको हकको धारा छैन। तपाईंलाई के लाग्छ, के यो धारा आवश्यक छैन ? तर्क गर्न सकिन्छ- के संविधानमा 'श्वासप्रश्वासको हक' राख्न जरुरी छ ? त्यस्तै हो यो धारा पनि।

समाजमा कतिपय स्त्री-पुरुष विवाह गर्न नसक्ने शारीरिक वा अन्य अवस्थाका, वा विवाह गर्न नचाहने अवस्थाका पनि हुन सक्छन्, उनीहरूलाई बेला बेला यौनको आवश्यकता हुन सक्छ। यस्तो अवस्थामा भरपर्दो निकायसँगको गोप्य जानकारी वा सहजीकरणमा उनीहरूले केही समयका लागि घुमफिर वा भेटघाट गर्न पाउने व्यवस्था हुनुपर्छ। भरपर्दो निकायको कुरा यहाँ किन उठाइएको हो भने, यस्तो सम्बन्धमा पछि कानुनी विवाद उत्पन्न हुन सक्छ, त्यस्तो बेला त्यस निकायले न्यायपूर्ण भूमिका खेल्न सकोस्। प्रजनन स्वास्थ्यबारे पनि सल्लाह देओस्।

अझै पनि हाम्रो समाज परम्परागत छ। सामाजिक मूल्य-मान्यतालाई देखाएर छोरा वा छोरीले चाहेको व्यक्तिसँग विवाह गर्न नदिने प्रचलन अझै समाजमा विद्यमान छ। अहिले हामीकहाँ 'दर्ताद्वारा विवाह गर्न सक्ने' र 'सहमतिपत्र तयार गर्नुपर्ने' कानुनी प्रावधान छ। यस्तो प्रकारको विवाहपछि पनि कतिपय विवाहित दम्पती परिवारबाट विस्थापित हुन्छन्, अर्थात् परिवारबाट अंश लगायत अधिकार पाउँदैनन्। यस्तो अवस्थामा 'विवाह दर्ता' कागजकै आधारमा विवाहित दम्पती अधिकार सम्पन्न हुनुपर्ने पहल वा प्रावधान आवश्यक छ। जसरी २० वर्ष नपुगी भएको विवाह स्वतः खारेज हुने व्यवस्था छ, त्यसरी नै 'विवाह दर्ता'को प्रमाणपत्र लिएपछि उनीहरू परिवारबाट पाउने कुनै पनि प्रकारको अधिकारबाट वञ्चित हुन नपरोस्।

संविधानमा महिलाका लागि 'सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी' हक उल्लेख छ। यसले महिलालाई यौन र प्रेमको हकतिर संकेत गर्छ, तर स्पष्ट कानुन बनेको अवस्था छैन। अर्कोतिर, यस धाराले पुरुषलाई प्राकृतिक रूपमा अनिवार्य आकर्षित गर्छ। तर, पुरुषलाई प्रेम र यौनको हक हुनुपर्नेतिर हाम्रो संविधान मौन छ।

संविधानमा प्रेम र यौनको हक उल्लेख भयो भने धेरै सहज हुनेछ। किनभने, प्रेम, यौन र विवाहबारे स्पष्ट कानुनी व्यवस्था हुनुपर्छ। यसै पनि हामी कानुनी रूपमा संक्रमण कालमा छौँ। यसर्थ कि सामाजिक जीवनको लामो इतिहासमा हामीले विभेदपूर्ण नियम वा कानुन वा सामाजिक व्यवस्थाको अभ्यास गर्दै आयौं। भर्खरै गणतन्त्र आए वा संविधान बनेयता हामी सामाजिक न्यायसम्बन्धी थुप्रै कानुनको अभ्यासमा छौँ। जस्तोः लामो समय छुवाछुतको अभ्यास गर्दै आएका हामीलाई १० वर्षअघि आएको 'छुवाछूत तथा भेदभाव (कसुर र सजाय) ऐनलाई शब्दशः पालना गर्न असहज भइरहेको हुन सक्छ। विभिन्न ऐन कानुनका अर्थ र आकर्षण हेरी वचन, व्यवहार र आसयको कसीमा यतिखेर हामी अधिकांशले अपराध गरिरहेका पनि हुन सक्छौँ। हरेक व्यक्तिलाई सामाजिक न्याय र कानुनी राज्यको आभास गराउनु राज्यको दायित्व हो। यसका लागि राज्यले सामाजिक न्यायका विभिन्न आयाममा स्पष्ट कानुन बनाउन र नागरिकका मौलिक हकबारे प्रत्येक परिवारलाई बुझाउन आवश्यक छ। यसो भएमा समाजबाट यौन अपराध, महिलाहिंसा र सामाजिक विभेदहरू हटेर जानेछन्।

# नेपाल-भारत सम्बन्ध........

सदियौँदेखि कायम रहेको सम्बन्धलाई समानता, पारस्परिक सम्मान र आपसी हितका आधारमा अझ बलियो बनाउनुपर्ने बताए ।

उनले नेपाल-भारत सम्बन्ध सरकारबीचको कूटनीतिक सम्बन्धमा मात्र सीमित नरहेको उल्लेख गर्दै यो जनस्तरसम्म फैलिएको बहुआयामिक सम्बन्ध भएकाले राजनीतिक उतार चढावबाट प्रभावित हुन नदिनुपर्नेमा जोड दिए ।

मुख्यमन्त्री यादवले मधेश प्रदेशले बाढी, कृषि उत्पादनमा भइरहेको ह्रास र खानेपानीको बढ्दो अभावजस्ता समस्या सामना गरिरहेको बताए ।

यस्ता समस्या समाधान गर्न प्रदेश सरकारको आन्तरिक स्रोत पर्याप्त नभएको उल्लेख गर्दै उनले संघीय सरकारले जनसंख्याको अनुपातअनुसार आवश्यक अनुदान उपलब्ध नगराएको गुनासोसमेत गरे ।

उनले सीमावर्ती क्षेत्रका साझा समस्या समाधान तथा विकासका लागि नेपाल र भारतबीचको सहकार्यलाई थप प्रभावकारी बनाउनुपर्ने धारणा राखे ।

सीमावर्ती क्षेत्रमा देखिने समस्या दुई देशका नागरिकको दैनिक जीवनसँग प्रत्यक्ष जोडिएकाले त्यसको समाधानका लागि सरकारसँगै जनस्तरको सहकार्य पनि आवश्यक रहेको उनको भनाइ थियो ।

कार्यक्रममा वीरगञ्जस्थित भारतीय महावाणिज्य दूतावासका महावाणिज्यदूत देवी सहाय मीनाले नेपाल-भारत सम्बन्धलाई अझ व्यापक र परिणाममुखी बनाउन सहकार्यका नयाँ क्षेत्र पहिचान गर्नुपर्ने बताए ।

उनले व्यापार, ऊर्जा, पूर्वाधार, शिक्षा, स्वास्थ्य, पर्यटन तथा प्रविधिजस्ता क्षेत्रमा दुई देशबीच सहकार्य विस्तार भइरहेको उल्लेख गर्दै आगामी दिनमा पनि पारस्परिक सहकार्यलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरे ।

गोष्ठीमा नेपाल-भारतबीचको खुला सीमा, व्यापार तथा आर्थिक सम्बन्ध, सीमावर्ती क्षेत्रका नागरिकका समस्या, ऊर्जा सहकार्य, धार्मिक तथा सांस्कृतिक सम्बन्ध र विकास साझेदारीलगायतका विषयमा सहभागीहरूले धारणा राखेका थिए ।

वक्ताहरूले नेपाल र भारतबीचको सम्बन्धलाई समयअनुकूल बनाउँदै आर्थिक विकास, पूर्वाधार निर्माण, पर्यटन प्रवर्द्धन तथा सीमावर्ती जनताको हितमा केन्द्रित गर्न सके दुई देशबीचको सहकार्य अझ परिणाममुखी बन्न सक्ने धारणा व्यक्त गरेका थिए ।

गोष्ठीले नेपाल-भारतबीचको परम्परागत सम्बन्धलाई नयाँ सम्भावना र प्राथमिकतासँग जोड्दै आगामी दिनमा पारस्परिक हितका क्षेत्रमा सहकार्य विस्तार गर्नुपर्ने आवश्यकता औँल्याएको छ ।

# जनजीविकाका समस्या तत्काल.......

पोखरेल र संयोजक लालेन्द्रकुमार मण्डलको नेतृत्वमा जलेश्वरस्थित जिल्ला प्रशासन कार्यालय पुगेको टोलीले प्रमुख जिल्ला अधिकारी समक्ष ज्ञापनपत्र बुझाएको हो। ज्ञापनपत्रमा वर्तमान सरकारको कार्यशैलीप्रति आमजनतामा चिन्ता र असन्तुष्टि बढ्दै गएको उल्लेख गर्दै दैनिक जीवनसँग जोडिएका समस्या तत्काल सम्बोधन गर्न माग गरिएको छ।

मुख्य बाली लगाउने समयमा किसानले पर्याप्त रासायनिक मल पाउन नसकेको भन्दै पार्टीले सहुलियत दरमा पर्याप्त मल उपलब्ध गराउन माग गरेको छ। त्यस्तै बजारमा एलपी ग्यासको सहज आपूर्ति हुन नसकेको र कालोबजारीका कारण सर्वसाधारणले समस्या भोग्नुपरेको भन्दै पारदर्शी र सहज वितरण व्यवस्था मिलाउन आग्रह गरिएको छ।

दैनिक उपभोग्य वस्तुमा भइरहेको अस्वाभाविक मूल्यवृद्धि र कृत्रिम अभाव नियन्त्रण गर्न प्रभावकारी बजार अनुगमन गर्नुपर्ने माग पनि ज्ञापनपत्रमा गरिएको छ। मूल्यवृद्धि र अभावको प्रत्यक्ष असर किसान, मजदुर, गरिब तथा विपन्न वर्गमा परेको पार्टीको भनाइ छ।

पार्टीले विद्युत् आपूर्तिमा देखिएको समस्या समाधान गरी नियमित र गुणस्तरीय सेवा सुनिश्चित गर्नुपर्ने तथा विद्युत्मा लगाइएको पाँच प्रतिशत कर खारेज गरी सहुलियत दरमा विद्युत् उपलब्ध गराउनुपर्ने माग गरेको छ।

शिक्षाको क्षेत्रमा विपन्न परिवारका बालबालिका प्रभावित भइरहेकाले छात्रवृत्तिलगायत आवश्यक व्यवस्था गर्नुपर्ने माग गरिएको छ। भूमिहीन, दलित, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको समस्या समाधान गरी उचित बसोबासको व्यवस्था र जग्गाधनी पुर्जा वितरण गर्न पनि सरकारसँग आग्रह गरिएको छ।

त्यसैगरी विकास निर्माणका आयोजनामा हुने ढिलासुस्ती, अनियमितता र कमिसनतन्त्र अन्त्य गरी आयोजना समयमै सम्पन्न गर्नुपर्ने माग गरिएको छ। सरकारी कार्यालय तथा अस्पतालमा सेवाग्राहीले घण्टौँ लाइन बस्नुपर्ने अवस्था अन्त्य गर्दै सार्वजनिक सेवामा डिजिटल तथा अनलाइन प्रणाली विस्तार गर्नुपर्ने पार्टीको माग छ।

ज्ञापनपत्रमा स्वास्थ्य बिमा कार्यक्रमलाई जिल्लाका सबै क्षेत्रमा प्रभावकारी रूपमा सञ्चालन गर्नुपर्ने, जङ्गली जनावरबाट बालीमा हुने क्षतिको दीर्घकालीन समाधान खोज्दै पीडित किसानलाई उचित क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने मागसमेत गरिएको छ।

सीमावर्ती क्षेत्रका नेपाली नागरिकले दैनिक उपभोग्य सामग्री ल्याउँदा सीमा नाकामा भोग्नुपरेको अनावश्यक सास्ती अन्त्य गर्नुपर्ने माग पनि पार्टीले राखेको छ। चाडपर्व तथा रीतिरिवाजका नाममा हुने डीजे, बाजा तथा अन्य ध्वनि प्रदूषण नियन्त्रण गर्नुपर्ने र गाँजा, चरेस तथा अन्य लागुऔषधको अवैध ओसारपसार नियन्त्रण गर्नुपर्ने माग गरिएको छ।

ज्ञापनपत्र बुझाउँदै पार्टीका प्रतिनिधिले जनताका मागलाई बेवास्ता गरिए थप दबाबमूलक कार्यक्रमसहित आन्दोलनमा जान बाध्य हुने चेतावनी दिएका छन्। पार्टीले ज्ञापनपत्रमार्फत उठाएका विषय जनताको दैनिक जीवनसँग प्रत्यक्ष जोडिएकाले तत्काल सम्बोधन गर्न सरकारसँग आग्रह गरेको जनाएको छ।


**सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं**

- सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं,
- विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,
- आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाऔं,
- सामाजिक विभेद, घृणा र भेदभाव अन्त्य गर्न योगदान दिऔं,
- चाडपर्व, संस्कार र संस्कृतिलाई सद्भावपूर्वक मनाऔं,
- अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं,
- संवाद, सहकार्य र समझदारीबाट समस्या समाधान गरौं,
- समावेशी, शान्तिपूर्ण र सभ्य समाज निर्माणमा योगदान दिऔं।

**सामाजिक तथा सांस्कृतिक सद्भाव, समुन्नत समाजको आधार**

**गणेशमान चारनाथ नगरपालिका, धनुषा**

**सर्पको टोकाइबाट बचौं र बचाऔं**

- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,
- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- झारफुकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,
- घरवरपरका सर्प बस्नसक्ने सम्भावित ठाउँको पहिचान गरी व्यवस्थापन गरौं,
- रातको समयमा बुट लगाएर टर्च लाईट बालेर हिड्ने गरौं,
- घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं,
- झुल लगाएर खाटमा सुत्ने गरौं।

**लक्ष्मीनियाँ गाउँपालिका, धनुषा**



# एक दशकपछि ३१० परिवारले पाए जग्गाधनी पुर्जा

**खबर दर्पण समाचारदाता**
**भदौ ३ गते, बर्दिवास**



नापनक्सा सम्पन्न भएको करिब एक दशकपछि धनुषाको मिथिला बिहारी नगरपालिका-३ का ३१० परिवारले जग्गाधनी पुर्जा प्राप्त गरेका छन्। गाउँ ब्लक (स्ववासी) जग्गाको आवश्यक कानुनी तथा प्रशासनिक प्रक्रिया पूरा भएपछि नापी कार्यालयले आज उनीहरूलाई जग्गाधनी पुर्जा वितरण गरेको हो।

साबिक मिथलेश्वर महुवाही गाउँ विकास समितिले १ देखि ९ वडासम्म पर्ने गाउँ ब्लक जग्गाको नापनक्सा आर्थिक वर्ष २०७२/७३ मा सम्पन्न भएको थियो। नापनक्सा सम्पन्न भए पनि आवश्यक अभिलेख अद्यावधिक, दर्ता तथा अन्य कानुनी प्रक्रिया पूरा हुन नसक्दा स्थानीयवासी लामो समयदेखि जग्गाधनी पुर्जाबाट वञ्चित हुँदै आएका थिए।

नापी कार्यालयले नापनक्सा भइसकेका जग्गाको अभिलेख अद्यावधिक गरी दर्तासम्बन्धी प्रक्रिया अघि बढाएपछि ३१० थान जग्गाधनी पुर्जा वितरण गरिएको जनाएको छ । वर्षौंदेखि आफूले भोगचलन गर्दै आएको जग्गाको औपचारिक स्वामित्वको प्रमाण पाएपछि स्थानीयवासीले खुसी व्यक्त गरेका छन्। पुर्जा प्राप्त भएपछि आफ्नो सम्पत्तिको स्वामित्व प्रमाणित गर्न सहज हुने तथा जग्गासम्बन्धी विभिन्न प्रशासनिक र आर्थिक कारोबार गर्न बाटो खुलेको स्थानीयको भनाइ छ।

नापी कार्यालयका प्रमुख उमेशकुमारले नापनक्सा सम्पन्न भएर पनि विभिन्न कारणले दर्ता प्रक्रिया अघि बढ्न नसकेका गाउँ ब्लक तथा स्ववासी प्रकृतिका जग्गाको समस्या समाधानलाई कार्यालयले प्राथमिकतामा राखेको बताए। उनका अनुसार नापनक्सा सम्पन्न हुँदैमा जग्गाको स्वामित्व पूर्ण रूपमा स्थापित नहुने भएकाले त्यसपछि आवश्यक कानुनी तथा प्रशासनिक प्रक्रिया पूरा गर्नुपर्ने हुन्छ ।

स्थानीयको सहभागिता, आवश्यक कागजात तथा अन्य प्रक्रिया पूरा हुँदै गएमा लामो समयदेखि बाँकी रहेका यस्ता विषयलाई क्रमशः टुङ्ग्याउँदै जग्गाधनी पुर्जा वितरण गरिने उनले बताए। गाउँ ब्लक तथा स्ववासी प्रकृतिका जग्गा लामो समयदेखि स्थानीयले भोगचलन गर्दै आए पनि औपचारिक स्वामित्वको प्रमाण नहुँदा उनीहरू विभिन्न समस्या झेल्दै आएका थिए।

जग्गाधनी पुर्जा प्राप्त भएपछि सम्पत्तिको कानुनी अधिकार सुनिश्चित हुनाका साथै जग्गासम्बन्धी कारोबार तथा प्रशासनिक काममा पनि सहज हुने अपेक्षा गरिएको छ। नापी कार्यालयका अनुसार साबिक मिथलेश्वर महुवाही गाविसअन्तर्गत नाप नक्सा सम्पन्न भएका तथा हाल मिथिला बिहारी नगरपालिका-३ मा पर्ने गाउँ ब्लकका ३१० परिवारलाई पुर्जा वितरण गरिएको हो।

कार्यालयले धनुषाका अन्य क्षेत्रमा पनि नाप नक्सा सम्पन्न भएर दर्ता प्रक्रिया पूरा हुन बाँकी गाउँ ब्लक तथा स्ववासी जग्गाको विवरण अध्ययन गरी आवश्यक प्रक्रिया अघि बढाउने जनाएको छ । यसबाट लामो समयदेखि जग्गाधनी पुर्जाको प्रतीक्षामा रहेका अन्य परिवार लाई पनि राहत पुग्ने अपेक्षा गरिएको छ।

**कृषि उत्पादनमा आत्मनिर्भर बनौं**

- आधुनिक प्रविधिको प्रयोग गरी कृषि उत्पादन वृद्धि गरौं,
- कृषकलाई आवश्यक मल, वीउ समयमै उपलब्ध गराऔं,
- स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउन बजार संयन्त्रको विकास गरौं,
- कृषकलाई सीप, तालिम र सहुलियतपूर्ण ऋण उपलब्ध गराऔं,
- जमिनको संरक्षण गरौं, खेतीयोग्य भूमिको सदुपयोग गरौं,
- कृषि उत्पादन बढाऔं र कृषि उपजमा आत्मनिर्भर बनौं,
- नवीन प्रविधि र अवसर उपलब्ध गराई युवाहरूलाई कृषिमा आकर्षित गरौं।

**कृषि पेशा प्रति सम्मान र गौरव गरौं।**

**सोनमा गाउँपालिका, महोत्तरी**

**स्वच्छ शहरः स्वस्थ्य शहर**

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- सवारी साधनको समय-समयमा मर्मतसम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,
- नदी किनार, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
- सार्वजनिक स्थलका बोट-विरुवा तथा फलफूलको संरक्षण गरौं,
- ध्वनि र वायु प्रदुषण कम गरौं,
- सडकको समय-समयमा मर्मतसम्भार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं।

**शहरलाई सफा राखौः सुन्दर बनाऔं।**

**रामगोपालपुर नगरपालिका, महोत्तरी**

**सचेत उपभोक्ता बनौं**

**सामान खरिद गर्दा देहायका बिषय एकिन गरौः**

- उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
- वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकतम् बिक्री मूल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी।

**सामान खरिद गर्दा सकेसम्म बैकिङ माध्यमबाट भुक्तानी गरौं**
**भुक्तानी गरेको मूल्य बराबरको विल लिऔं**

**गौशाला नगरपालिका, महोत्तरी**

**बर्डफ्लुजन्य जोखिमबाट सुरक्षित बनौं**

- कुखुरा तथा पन्छीपालनमा सुरक्षा तथा सावधानीका उपाय अपनाऔं,
- अस्वस्थ वा मरेका पन्छीको सम्पर्कबाट टाढा रहौं,
- पन्छी छोएपछि साबुनपानीले राम्रोसँग हात धुने बानी बसालौं,
- कुखुरा तथा अण्डा राम्ररी पकाएर मात्र खाने गरौं,
- पन्छीपालन क्षेत्र र वरपरको वातावरण सफा राखौं,
- शंकास्पद लक्षण देखिए वा पन्छी मरेमा सम्बन्धित निकायलाई जानकारी गराऔं,
- पन्छीको अवैध ओसारपसार र बिक्री वितरण रोक्न सहयोग गरौं,
- स्वास्थ्य सुरक्षाका उपाय अपनाई रोगको जोखिम घटाऔं।

**सावधानी अपनाऔं, बर्डफ्लुको जोखिम घटाऔं**

**औरही नगरपालिका, महोत्तरी**

**कृषि उत्पादनमा आत्मनिर्भर बनौं**

- आधुनिक प्रविधिको प्रयोग गरी कृषि उत्पादन वृद्धि गरौं,
- कृषकलाई आवश्यक मल, वीउ समयमै उपलब्ध गराऔं,
- स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउन बजार संयन्त्रको विकास गरौं,
- कृषकलाई सीप, तालिम र सहुलियतपूर्ण ऋण उपलब्ध गराऔं,
- जमिनको संरक्षण गरौं, खेतीयोग्य भूमिको सदुपयोग गरौं,
- कृषि उत्पादन बढाऔं र कृषि उपजमा आत्मनिर्भर बनौं,
- नवीन प्रविधि र अवसर उपलब्ध गराई युवाहरूलाई कृषिमा आकर्षित गरौं।

**कृषि पेशा प्रति सम्मान र गौरव गरौं।**

**मटिहानी नगरपालिका, महोत्तरी**

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्केन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा   मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,